# लोक सेवा आयोग
## नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन/आर्थिक प्रशासन, प्रशासन/लेखा/राजस्व/कानून/व्यापार प्रशासन/चार्टर्ड एकाउन्टेन्ट, छैटौं, अधिकृत पदको आन्तरिक तथा खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८०।०९।२०

पत्र : प्रथम
समय : २ घण्टा १५ मिनेट पूर्णाङ्क : १००

विषय : **सामान्य ज्ञान, बौद्धिक परीक्षण, अंग्रेजी भाषा क्षमता परीक्षण र व्यवस्थापन**

---

**विषयगत** **समयः १ घण्टा ३० मिनेट**

**५० अङ्क**

१. संगठनात्मक कार्य संस्कृति भनेको के हो? चर्चा गर्दै यसको महत्वमाथि प्रकाश पार्नुहोस् । २.५+२.५=५

२. संगठनमा जनशक्ति योजना किन आवश्यक पर्दछ? स्पष्ट पार्नुहोस् । ५

३. नेतृत्वका विभिन्न शैलीहरू उल्लेख गर्दै नेता र व्यवस्थापकमा रहेका भिन्नताहरू केलाउनुहोस् । २.५+२.५=५

४. गुनासो व्यवस्थापन (Grievance Handling) ले व्यवस्थापनलाई कसरी सहयोग पुर्‍याउँछ? प्रष्ट पार्नुहोस् । ५

५. नेपालको सार्वजनिक निकायमा कर्मचारी उत्प्रेरणाका मुख्य चुनौतीहरू के-कस्ता रहेका छन्? उल्लेख गर्नुहोस् । ५

६. "अनुगमन र मूल्यांकन व्यवस्था प्रभावकारी भएमा राष्ट्रिय नीतिहरूले वाञ्छित नतिजा दिन्छन्" भन्ने भनाइ प्रति नेपालको सन्दर्भ सहित आफ्नो धारणा प्रस्तुत गर्नुहोस् । ५

७. प्रकोप व्यवस्थापन भनेको के हो? नेपालमा प्रकोप व्यवस्थापन सम्बन्धी नीतिगत, संस्थागत र कार्यक्रमगत व्यवस्थाको छोटो जानकारी गराउँदै प्रकोप व्यवस्थापनमा नेपाल नागरिक उड्डयन प्राधिकरणको भूमिका उल्लेख गर्नुहोस् । २+६+२=१०

८. सार्वजनिक निकायमा नागरिक वडापत्रको आवश्यकता र महत्व उल्लेख गर्दै नेपालको सार्वजनिक निकायमा यसको प्रयोगको अवस्था र यसलाई थप प्रभावकारी बनाउन गर्नुपर्ने कार्यहरू सुझावको रूपमा प्रस्तुत गर्नुहोस् । ४+२+४=१०

:: समाप्त ::